सिद्धार्थनगर नगरपालिका कार्यालय

सिद्धार्थनगर, रुपन्देही

प.सं.आ. प्र. २०७०।०७१ मिति:२०७१।०४।१८

च.न.

सिद्धार्थनगर नगरपालिका
दर्ता नं. १५४६
मिति २०७०।४।१८

विषय: आन्तरिक लेखापरीक्षण कार्ययोजना सम्वन्धमा ।

श्रीमान कार्यकारी अधिकृत ज्यु
सि.न.पा कार्यालय, सिद्धार्थनगर ।

उपरोक्त विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७०।०७१ को आन्तरिक लेखापरीक्षण कार्य योजना यसै पत्रसाथ संलग्न गरी पेश गरेको व्यहोरा अनुरोध छ ।

विवेक खनाल
वरिष्ठ अधिकृत
सि.न.पा.कार्यालय

वरिष्ठ अधिकृत

F:\NEW OFF.LETTER 2068.69\Nepali letter-2068.69.doc

फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

सिद्धार्थनगर नगरपालिका कार्यालयको आन्तरीक लेखापरीक्षण कार्ययोजना २०७०।०७१

नगरपालिकाको आन्तरिक लेखापरीक्षणको कानूनी प्रावधान

स्थानीय स्वायत्त शासन ऐन,२०५५

दफा ३५ लेखापरीक्षण : १. नगरपालिकाको आय व्ययको आन्तरिक लेखापरीक्षण आफैले गर्ने छ।

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४

नियम ३६: आन्तरीक लेखापरीक्षण शाखाको व्यवस्था: ऐनको दफा १३५ को उपदफा (१) को प्रयोजनको लागि वार्षिक एक करोड भन्दा बढी आम्दानी हुने नगरपालिकाले अधिकृत स्तरको कर्मचारी सहित र सो भन्दा कम आम्दानी हुने नगरपालिकाले सहायक स्तरको कर्मचारी सहितको आन्तरीक लेखापरीक्षण शाखा खडा गर्नु पर्ने छ।

नियम ३७: आन्तरिक लेखा परीक्षण शाखाको काम, कर्तब्य र अधिकार : नियम ३६ बमोजिम खडा भएको आन्तरीक लेखापरीक्षण शाखाको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ:–

(क) आय ब्यय र धरौटीको मासिक रुपमा लेखापरीक्षण गर्ने,

(ख) अन्तिम लेखापरीक्षणको लागि श्रेस्ता तयारी राख्न सहयोग पुऱ्याउने,

(ग) आन्तरिक लेखापरीक्षण गर्दा कुनै गम्भीर प्रकारको आर्थिक अनियमितता र रकम हिनामिना भएको देखिएमा लेखा समितिमा तुरुन्त प्रतिवेदन गरी प्राप्त निर्देशन अनुसार गर्ने,

(घ) आन्तरीक लेखापरीक्षणवाट दखिएका त्रुटिका सम्वन्धमा आ.ले.प. सम्पन्न गरेको मितिले सात दिन भित्र प्रमुख र सचिवलाई प्रतिवेदन पेश गर्ने,

(ङ) खण्ड (घ) बमोजिम प्रतिवेदन पेश गरेपछि प्रमुख वा सचिवले कुनै निर्देशन दिएको भए निर्देशन र निर्णय कार्यान्वयन गर्ने,

(च) अन्तिम लेखापरीक्षण गर्नु अघि आन्तरीक लेखापरीक्षणबाट औंल्याएको वेरुजु र तत्सम्बन्धमा भएको कारवाही र शाखाको धारणा सहितको प्रतिवेदन अन्तिम लेखा परीक्षक समक्ष पेश गर्ने,

(छ) नगरपालिका अन्तर्गतका विषयगत शाखाको आन्तरिक लेखापरीक्षण गर्ने,

(ज) लेखा समितिको सचिवालयको काम गर्ने,

(झ) स्थानीय निकाय अन्तर्गतका कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने,

वरिष्ठ अधिकृत

(अ) परिषदको निर्णय बमोजिम वेरुजु फछ्र्यौट भए अनुरुप वेरुजुको लगत कट्टा गर्ने,

(ट) लेखापरीक्षण प्रतिवेदन लेखा समितिको बैठकमा पेश गर्ने ।

आन्तरिक लेखापरीक्षण शाखा

आन्तरिक लेखापरीक्षण शाखाको छुट्टै व्यवस्था नभएता पनी विगत केही वर्ष देखि कार्यालयका वरिष्ठ अधिकृत विवेक खनाल बाट आन्तरिक लेखापरीक्षण कार्य हुदै आएको छ र सो कार्यमा सहयोग गर्नको लागि कार्यालयका ना.सु. यादव प्रसाद सापकोटालाई खटाईएको छ । अन्य शाखाको जिम्मेवारी सहितका कर्मचारीलाई आ.ले.प. को समेत जिम्मेवारी दिंदा ऐन तथा नियमको भावना अनुसार आन्तरिक लेखापरीक्षण कार्य प्रभावकारी हुन सकिरहेको छैन ।

आन्तरिक लेखापरीक्षण कार्यलाई प्रभावकारी वनाउनको लागि देहायका भौतिक सुविधा सहितको नियमावलीमा व्यवस्था भए बमोजिमको छुट्टै आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था गर्नु पर्ने नितान्त आवश्यकता छ ।

१) पर्याप्त मसलन्द,

२) डेष्कटप एक र ल्यापटप एक,

३) सम्वन्धित शाखाहरु बाट विभिन्न अभिलेखहरु,

४)साईट अवलोकनको लागि सवारी साधन ।

आन्तरिक लेखापरीक्षण शाखाको आर्थिक वर्ष २०७०।०७१ को कार्य योजना

नगरपालिकाको आन्तरिक लेखापरीक्षण देहाय बमोजिमको कार्ययोजना अनुसार गरिने छ । कार्य योजना आन्तरिक लेखापरीक्षण शाखाका कर्मचारीहरुलाई मार्गदर्शकको रुपमा काम गर्ने छ :

क. सं.	कार्यक्रम	गर्नु पर्ने समय
	नीतिहरुको अध्ययन, पुनरावलोकन	
१	लेखापरीक्षण शुरु गर्नु भन्दा अघि नगर परिषद तथा वोर्ड बैठकका निर्णयका प्रतिलिपीहरु प्राप्त गर्नु , अध्ययन गर्नु ।	आ.व.को शुरुमा
२	वर्षिक बजेट तथा योजनाहरु प्राप्त गरी अध्ययन गर्नु	" "
	राजश्वको लेखापरीक्षण	
१	नियन्त्रण संयन्त्र विश्लेषण गर्ने, राजश्व ठीक ढंगले उपयुक्त शिर्षक अन्तर्गत अभिलेखबद्ध गरिएको स'निश्चत गर्ने अशुली प्रभावकारी ढङ्गवाट भएको छ छैन एकीन गर्ने ।	आ.व.को शुरुमा

वरिष्ठ अधिकृत

२	न.पा.का विभिन्न वडा बाट प्राप्त हुनु पर्ने राजश्व दाखिला भए नभएको एकिन गर्ने ।	प्रत्येक महिना
३	कम्प्युटर तथा खाताहरुमा राखिएको करदाताहरुको अभिलेख सही छ छैन एकिन गर्ने ।	,, ,,
	खर्च लेखापरीक्षण	
१	नियमानुसार खर्च भएको छ छैन खर्चका विवरणहरु परिक्षण गर्ने	प्रत्येक महिना
२	वार्षिक खरिद योजना अनुसार खरिद भएको छ छैन परिक्षण गर्ने	,, ,,
३	खरिद तथा निर्माण कार्यहरु सम्झौता अनुसार भए नभएको परिक्षण गर्ने	,, ,,
४	विल भरपाईहरुमा परिमाण, नाप, दर आदि सही छ छैन एकीन गर्ने ।	,, ,,
	खरिद लेखापरीक्षण	
१	वर्षिक खरिद योजनाको समिक्षा गरी बजेट बाडँफाडँ सो बमोजिम भएको एकिन गर्न ।	प्रत्येक चौमासिक
२	केही आयोजना छनोटगरी तिनिहरुको अभिलेख आयोजनाको कार्यान्वयनको अवस्था र समुदायको योगदान प्रमाणीकरण गर्न ।	
	तलबी प्रतिवेदन तथा मानव संसाधन परिक्षण	
१	कर्मचारीहरुको नियुक्ति र अवकाश नियमानुसार भएको छ छैन परिक्षण गर्ने।	आवश्यकतानुसार
२	कर्मचारीलाई उपलब्ध गराईएका सुविधाहरु नियमानुसार छ छैन परिक्षण गर्ने ।	,, ,,
	प्राप्ती र भुक्तानी दिन बाँकीको परिक्षण	
१	नगरपालिकाले प्राप्त गर्नु पर्ने बाँकी र भुक्तानी दिन पर्ने बाँकीको अभिलेख राखेको छ छैन परिक्षण गर्ने ।	प्रत्येक छ महिनामा
	नगद र बैंक लेखापरीक्षण	
१	नगद र बैंक नियन्त्रणका लागि आन्तरिक नियन्त्रण पद्धतीको समिक्षा गर्ने उदाहरणको लागि नगद संकलन, बैंक डिपोजिट, नगद सुरक्षा आदि ।	आवश्यकतानुसार
२	बैंक समायोजन विवरणको प्रमाणीकरण ।	प्रत्येक महिना
	जिन्शी लेखापरीक्षण	
१	जिन्शी लेखा प्रणाली नियमानुसार छ छैन , खर्च भएर जाने र नजाने सम्पत्तीहरु सम्बन्धित खातामा अभिलेख गरिएको छ छैन एकिन गर्ने ।	,, ,,
२	भौतिक परिक्षणको समयमा उपस्थित भई निरिक्षण गर्ने , समय समयमा नमुना परिक्षण गर्ने । काम नलाग्ने भनिएका सामानहरुको परिक्षण गर्ने ।	वर्षको अन्त्यमा
	कार्यक्रम कियाकलापहरु	
१	समय समयमा कुनै खास आयोजनाको जाँच गर्ने, आयोजना कार्यान्वयनको अवस्था, जनसहभागिता आदिको अवस्था परिक्षण गर्ने ।	सम्भव भए सम्म
	वित्तिय प्रतिवेदन तथा अभिलेखहरु दुरुस्त राख्ने	
१	स्थानीय निकाय आर्थिक प्रशासन नियमावली बमोजिमको वित्तिय प्रतिवेदन बनाउने ।	
२	अन्तिम लेखापरीक्षकले औंलाएका वेरुजुहरुलाई व्यवस्थीत तरिकाले	प्रत्येक छ महिनामा

वरिष्ठ अधिकृत

	राखिएको छ छैन परिक्षण गर्ने । अन्तिम लेखापरीक्षण बाट देखिएका वेरुजुहरुलाई परिषदको निर्णयानुसार गर्ने गराउने ।	

विवेक खनाल
वरिष्ठ अधिकृत

नगरपालिकाको दीर्घकालिन सोच तथा रणनीति

"पर्यटन उद्योग, व्यवसाय र शिक्षा , हराभरा बुद्धभूमि सिद्धार्थनगरको इच्छा"

सिद्धार्थनगर नगरपालिकाले आफ्नो चौतर्फी विकाशको लागि "पर्यटन उद्योग, व्यवसाय र शिक्षा, हराभरा बुद्धभूमी सिद्धार्थनगरको इच्छा" भन्ने पवित्र दीर्घकालिन सोच लिई अघि बढिरहेको छ । उक्त सोच लाई साकार पार्न नगरपालिकाले आफ्ना वजेट, नीति तथा कार्यक्रमहरुमा समावेस गरी कार्यक्रमहरु संचालन भईरहेका छन । यसको लागि आवधिक योजना समेत तर्जुमा भई कर्यान्वियन हुने प्रकृयामा छ । यसको अतिरिक्त नगरपालिकाले "हाम्रो नगर सभ्य नागरीक सफा शहर " तथा २०७१ साल असार मसान्त सम्म नगरलाई खुला दिशामुक्त क्षेत्र घोषणा गर्नको लागि "एक घर एक चर्पी नजिकैमा धारा, खुला दिशामुक्त नगर वनाउँ हामी मिली सारा" भन्ने नाराका साथ अघि बढीरहेको छ ।

नगरपालिकाको आन्तरिक लेखापरीक्षणको कानूनी प्रावधान

स्थानीय स्वायत्त शासन ऐन,२०५५

दफा ३५ लेखापरीक्षण : १. नगरपालिकाको आय व्ययको आन्तरिक लेखापरीक्षण आफैले गर्ने छ ।

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४

नियम ३६: आन्तरीक लेखापरीक्षण शाखाको व्यवस्था: ऐनको दफा १३५ को उपदफा (१) को प्रयोजनको लागि वार्षिक एक करोड भन्दा बढी आम्दानी हुने नगरपालिकाले अधिकृत स्तरको कर्मचारी सहित र सो भन्दा कम आम्दानी हुने नगरपालिकाले सहायक स्तरको कर्मचारी सहितको आन्तरीक लेखापरीक्षण शाखा खडा गर्नु पर्ने छ ।

नियम ३७: आन्तरिक लेखा परीक्षण शाखाको काम, कर्तब्य र अधिकार : नियम ३६ बमोजिम खडा भएको आन्तरीक लेखापरीक्षण शाखाको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) आय ब्यय र धरौटीको मासिक रुपमा लेखापरीक्षण गर्ने,

(ख) अन्तिम लेखापरीक्षणको लागि श्रेस्ता तयारी राख्न सहयोग पुऱ्याउने,

(ग) आन्तरिक लेखापरीक्षण गर्दा कुनै गम्भीर प्रकारको आर्थिक अनियमितता र रकम हिनामिना भएको देखिएमा लेखा समितिमा तुरुन्त प्रतिवेदन गरी प्राप्त निर्देशन अनुसार गर्ने,

(घ) आन्तरीक लेखापरीक्षणवाट दखिएका त्रुटिका सम्वन्धमा आ.ले.प. सम्पन्न गरेको मितिले सात दिन भित्र प्रमुख र सचिवलाई प्रतिवेदन पेश गर्ने,

(ङ) खण्ड (घ) बमोजिम प्रतिवेदन पेश गरेपछि प्रमुख वा सचिवले कुनै निर्देशन दिएको भए निर्देशन र निर्णय कार्यान्वयन गर्ने,

वरिष्ठ अधिकृत

(च) अन्तिम लेखापरीक्षण गर्नु अघि आन्तरीक लेखापरीक्षणबाट औंल्याएको वेरुजु र तत्सम्बन्धमा भएको कारवाही र शाखाको धारणा सहितको प्रतिवेदन अन्तिम लेखा परीक्षक समक्ष पेश गर्ने,

(छ) नगरपालिका अन्तर्गतका विषयगत शाखाको आन्तरिक लेखापरीक्षण गर्ने,

(ज) लेखा समितिको सचिवालयको काम गर्ने,

(झ) स्थानीय निकाय अन्तर्गतका कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने,

(ञ) परिषदको निर्णय बमोजिम वेरुजु फछ्यौट भए अनुरुप वेरुजुको लगत कट्टा गर्ने,

(ट) लेखापरीक्षण प्रतिवेदन लेखा समितिको बैठकमा पेश गर्ने ।

आन्तरिक लेखापरीक्षण शाखा

आन्तरिक लेखापरीक्षण शाखाको छुट्टै व्यवस्था नभएता पनी विगत केही वर्ष देखि कार्यालयका वरिष्ठ अधिकृत विवेक खनाल बाट आन्तरिक लेखापरीक्षण कार्य हुँदै आएको छ र सो कार्यमा सहयोग गर्नको लागि कार्यालयका ना.सु. यादव प्रसाद सापकोटालाई खटाईएको छ । अन्य शाखाको जिम्मेवारी सहितका कर्मचारीलाई आ.ले.प. को समेत जिम्मेवारी दिंदा ऐन तथा नियमको भावना अनुसार आन्तरिक लेखापरीक्षण कार्य प्रभावकारी हुन सकिरहेको छैन ।

आन्तरिक लेखापरीक्षण कार्यलाई प्रभावकारी वनाउनको लागि देहायका भौतिक सुविधा सहितको नियमावलीमा व्यवस्था भए बमोजिमको छुट्टै आन्तरिक लेखापरीक्षण शाखाको व्यवस्था गर्नु पर्ने नित्तान्त आवश्यकता छ ।

१) पर्याप्त मसलन्द,

२) डेष्कटप एक र ल्यापटप एक,

३) सम्बन्धित शाखाहरु बाट विभिन्न अभिलेखहरु,

४)साईट अवलोकनको लागि सवारी साधन ।

आ.व. २०६९।०७० मा कोषको खाता कार्यकारी अधिकृत श्री टीकदत्त राई र वरिष्ठ अधिकृत श्री गणेश बहादुर क्षेत्रीको संयुक्त दस्तखतबाट संचालन भएको छ । स्थानीय निकायको मेरुदन्ड भनेकै आफ्नै आन्तरीक आय श्रोत हो नगरको विकासको लागि श्रोत साधनको परिचालन गर्दा नगरवासीको हितलाई ध्यानमा राखी जनसहभागीतामा अभिवृद्धि गर्दै विकास प्रकृयालाई संस्थागत रुपमा लैजानु पर्ने अवस्था एकातर्फ छ भने अर्को तर्फ उपलब्ध साधन श्रोतको मितव्ययी तरिकाले अधिकतम सदुपयोग हुनु अनिवार्य छ ।

वरिष्ठ अधिकृत

आन्तरीक लेखापरीक्षणको कममा प्राप्त आय विरणको आधारमा नगरपालिकाले आ.ब. २०६९।०७० मा आन्तरिक श्रोतबाट रु ४,१०,४२,२९३।९५ र बाह्य श्रोत, ऋण तथा अनुदान सहयोगबाट रु ६,७२,१२,२३८।३९ गरी कुल रु १०,८२,५४,५३२।३४ आम्दानी गर्ने लक्ष्य लिएकोमा आन्तरीक श्रोतबाट रु ५,०३,५५,४७८।५१ र बाह्य श्रोत ऋण तथा अनुदानबाट रु ९,६२,५८,२१६।६६ गरी जम्मा रु १४,६६,१३,६९५।१७ आम्दानी भएको देखिन्छ ।

न.पा.ले आन्तरिक श्रोत बाट लक्ष्यको १२२.६९ % आम्दानी गर्न सफल भएको छ । बाह्य श्रोत, ऋण तथा अनुदान सहयोगबाट १४३.२२ % लक्ष्य हाशिल भएको छ ।

स्थानीय कर तथा सेवा शुल्कहरुमा उल्लेख्य प्रगती भएको छ । आन्तरीक श्रोतमा बृद्धी हुनुमा एकिकृत करको सफल कार्यान्वयन मुख्य कारक तत्वको रुपमा रहेको छ । घर जग्गा करमा १०९.८५ % भन्दा वढी अशुली भएको छ , एकिकृत सम्पती करमा १०८.७३ %, पेशा ब्यवसाय करमा ११८.४२ % अशुली भएको छ । बहाल कर लक्षमा २५१.२५ % अशुली भएता पनि उठेको रकम रु ३८८९३५।८२ जुन नित्तान्त न्युन छ । **आन्तरिक श्रोतको महत्वपूर्ण हिस्सा बन्न सक्ने श्रोत घर वहालकर लाई परिचालन गर्न सकिएको छैन । आन्तरिक राजश्व कार्यालय संग समन्वय गरी घर वहाल करलाई दायरामा ल्याउन पहल गर्नु पर्ने देखिन्छ ।**

चालु खर्च तर्फ रु.६,४०,३९,५००।- विनियोजन गरिएकोमा रु ६,०४,९८,७९९।०७ खर्च भएको देखिन्छ । पूँजीगत खर्चको लागि रु.४,४२,१५,०३२।३४ विनियोजन गरिएकोमा रु.८,२१,८९,८२०।११ खर्च भएको छ । पूँजीगत खर्च विनियोजन भन्दा बढी हुनुमा श्रोतहरुको परिचालन भई आन्तरिक आयमा उल्लेख्य बृद्धी हुनुका साथै बाह्य श्रोत, ऋण तथा अनुदानमा समेत बृद्धी हुनु हो ।

वरिष्ठ अधिकृत

अनुसूची-७४

सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगर
आन्तरिक लेखापरीक्षण प्रतिवेदन

प्रतिवेदनको अवधि: मिति २०६९।०४।०१ देखि २०७०।०३।३१ सम्म

कार्यालय प्रमुखको नाम: टीकादत्त राई

स्वीकृत वार्षिक बजेट : रु.१०८२५४५३२।३४

आ.प्र.शाखा प्रमुखको नाम: गणेश वहादुर क्षेत्री आ.ले.प.शाखा प्रमुखको नाम: विवेक खनाल

सि.नं.	गोश्वारा भौ.नं.	आ.ले.प. गर्दा देखिएको मुख्य व्यहोरा	नियमित गर्ने रकम रु	अशुल गर्ने रकम रु	पेश्की रकम रु म्याद नाघेको	म्याद ननाघेको	कैफियत
१	५१	होटेल यती प्रा.ली. लाई भुक्तानी रु.२००००।-भएकोमा अग्रीम आयकर कट्टी तथा म.अ.करको विल संलग्न हुनु पर्ने	२०,०००।००				
२	१५४	जियो सफट टेक्नोलोजी प्रा.लि.काठमाण्डौ लाई एकिकृत सम्पत्तीकर तालिम संचालनको पुस्ट्याई संलग्न गर्नु पर्ने ।	१,४६,९००।००				
३	३९	जि.ओ.ई.सी. नेपाल प्रा.ली. टेक्नोकेट कन्सल्टेन्सी,मो.पे.				७५,००,०००।००	
४	४७	नेपाल ग्रामीण केन्द्र काठमाण्डौ सा.वि.का.संचालन गर्न				३२,४२,२५०।००	
५	६५	जि.ओ.ई.सी. नेपाल प्रा.ली. टेक्नोकेट कन्सल्टेन्सी,मो.पे.				९,२९,८८७५०	

आ.ले.प. शाखा प्रमुखको दस्तखत:

मिति:

वरिष्ठ अधिकृत

आ.व.को अन्त्यमा देहायका शिर्षकहरुमा देहाय बमोजिमको रकम भुक्तानी दिन बांकी देखिन्छ।

चालू खर्च

ब.शि.नं.	रकम
२.०३ कार्यालय संचालन सम्वन्धी खर्च	५६३९३७।७६
२.०४ भाडा	२४०००।००
२.०५ मर्मत संभार	७९१४८।००
२.०६.२ सवारी ईन्धन कर्मचारी	२८९३७४।९३
२.०८.१ सदस्यता शूल्क	३००००।००
४.०३ पूस्तक तथा सामाग्री	८९६२४।००
४.०४ कार्यक्रम खर्च	८५००।००
४.०७ नगर सफाई तथा फोहोर मैला व्यवस्थापन खर्च	२४२४२१।४५
४.०८ दमकल तथा एमबूलेन्स संचालन खर्च	८७४४६।५३
चालूको जम्मा:	१४१४४५२।६७
पुंजीगत खर्च	
६.०१ फर्निचर	३५७५०।००
६.०३ मेशिनरी औजार तथा अन्य उपकरण	७२३४५।००
६.०५ सार्वजनिक निर्माण खर्च	७६६९३७।५७
८.०३ सेवामूलक संस्थालाई दिने अनूदान	७८८९९।५०
पुंजीगतको जम्मा:	९५३९३२।०७
कूल जम्मा:	२३६८३८४।७४

वरिष्ठ अधिकृत

आ.व.२०६९।०७० को पेशा व्यवसाय करको विवरण			
वडा नं.	उठनु पर्ने रकम	यस आ.व.मा उठेको	बाँकी
१	२२९१२८४।००	१५७४१०।००	२१३३८७४।००
२	२७२४४०।२५	३६२६१।२५	२३६१७९।००
३	१३४६०६०।३८	१३९७२४।३७	१२०६३३६।०१
४	११०००३४।१६	२५२६०१।१६	८४७४३३।००
५	४६१३०४८।६३	१८७२३०।६२	४४२५८१८।०१
६	३६०३०५०।००	३०८६७५।६३	३२९४३७४।३७
७	५३७९७९९।००	३०८५१८।५०	५०७१२८०।५०
८	४०९४०१८।००	४३७३१०।००	३६५६७०८।००
९	११०७१७४।२५	२४७६७६।२५	८५९४९८।००
१०	१५३१८८।५०	२१०७८।५०	१३२११०।००
११	८९३९०।००	१०७००।००	७८६९०।००
१२	२६०६०९१।१३	३२३२८८।१३	२२८२८०३।००
१३	१५४५८४७।२५	४११५१८।७५	११३४३२८।५०
जम्मा:	२८२०१४२५।५५	२८४१९९३।१६	२५३५९४३२।३९

उपरोक्त विवरणमा बैंक तथा वित्तिय संस्थाहरु र ठेला रिक्शा तथा सवारी साधनहरु समावेश भएको पाईएन ।
दर्ता भएका अधिकाशं बैंक तथा वित्तिय संस्थाहरु नविकरण भएका छन ।
देहायका बैंकहरु नगरपालिकामा दर्ता भएको पाईएन ।

१. पश्चिमाञ्चल विकाश बैंक
२. शिभिल बैंक लिमिटेड
३. विश्व विकाश बैंक लि.
४. एच.एण्ड वि. विकाश बैंक लि.

- राजश्व शाखाको विवरण अनुसार कुल उठनु पर्ने रकमको १० % मात्र राजश्व उठेको देखिन्छ । यसरी बर्षेनी बक्यौताको भोलुम बढदै गईरहेको छ । यसकोलागि राजश्व अशुली लाई अभियानको रुपमा संचालन गर्नु पर्ने देखिन्छ । कतिपय उद्योग व्यवसायहरु अस्तित्वमा नभएका तर कार्यालयको रेकर्डमा विद्यमान भएकोले बार्षिक बक्यौता बढदै गएको पाईयो । अस्तित्वमा नरहेका व्यवसायहरुलाई प्रकृया मिलाई लगत कट्टा गर्नु पर्ने देखिन्छ ।

वरिष्ठ अधिकृत

- दायरामा नआएका पेशा, व्यवसाय तथा वित्तिय संस्थाहरुलाई दायरामा ल्याउन विशेष अभियान संचालन गर्नु पर्ने देखिन्छ ।
- घर वहालमा लिई संचालानमा रहेमा सरकारी कार्यालय तथा वित्तिय संस्थाहरुलाई मासिक रुपमा घर धनीलाई बुझाउने रकमको नियमानुसारको २% रकम नगरपालिकामा दाखिला गर्नको लागि पत्राचार गर्नु पर्ने ।
- नगरमा दुई वटा सिनेमाहल भएकोमा सिद्धार्थ चलचित्रले मात्र आ.व. २०६८।०६९ मनोरन्जन करको को बक्यौता रकम रु ४९१६०।-मात्र २०६९।१२।१८ मा दाखिला गरेको देखिन्छ । आ.व. २०६९।०७० को मनोरन्जन कर वापतको रकम आषाण मसान्त सम्म पनि दाखिला गरेको नदेखिएकोले रकम एकिन गरी अशुल गर्नु पर्ने देखिन्छ ।
- सिद्धार्थ वसपार्क स्थित शौचालय (राजेश वासफोड) को रु ५३४५।३७ र विद्युत महशुल रु ६१८।७५ गरी जम्मा रु ५९६४।१२ तथा गत विगतको रु ११८२७।७४ गरी कुल जम्मा रु १७७९१।८६ अशुल हुन वाँकी देखिन्छ ।
- हाटवजार स्थित शौचालयको आरती पोडेबाट पौष देखि आषाढ सम्मको शौचालय शुल्क रु १४०००।- र विद्युत महशुल रु ५२८।- दाखिला हुन वाँकी देखिन्छ ।
- सिद्धार्थ वसपार्कको ठेक्का सम्झौताको वुँदा नं. १४ अनुसार वसपार्क भित्र जडान भएको विद्युत तथा पानिको महशुल दोस्रो पक्षले मासिक रुपमा बुझाउनु पर्ने छ भन्ने उल्लेख भएकोमा उक्त वापतको रकम आर्थिक वर्षको अन्त्य सम्ममा पनि दाखिला भएको नदेखिएकोले सोको लागि पहल गर्नु पर्ने ।
- रेकर्ड अनुसार करिव २३००० जग्गा धनी संख्या भएकोमा १४५०० ले विवरण बुझाएको पाईयो भने १०६२९ जनाले एकिकृत सम्पतीकर बुझाएको देखिन्छ । ठुला करदाताहरु जस्तै यु.सि.एम.एस., नेशनल ट्रेडिङ्ग, सल्ट ट्रेडिङ्ग आदिले रकम बुझाएको देखिएन । मुल्याङ्कन गरी अशुल गर्नको लागि पहल गर्नु पर्ने देखिन्छ ।

लेखा तर्फः

चालु खर्चः

- गो.भौ. नं. ३६, मिति २०६९।०८।२९ न्यु मिलन लाईट सिद्धर्थनगरको एउटै मिति (२०६९।०३।०४) मा तीन वटा विल बाट खरिद गरिएको देखिन्छ । एक दिनमा एक पसलबाट एक भन्दा बढी विलबाट सामान खरिद गर्दा राजश्व चुहावट हुने सम्भावना रहन्छ ।
- गो.भौ.नं. ३७, २३४ गौरी जनरल अर्डर सप्लायर्स सि.न. बाट छपाईका काम भएको देखिन्छ । नगर क्षेत्रमा छपाईका काम गर्ने छापाखाना तथा अफसेट प्रेसहरु प्रशस्त भएकोले लागत कम गर्न खरिदका माध्यमहरु (Channel) कम गर्नु पर्ने हुन्छ ।
- गो.भौ.नं.५१, होटल यति प्रा.लि. लाई रु २०,०००।– बीस हजार मात्र भुक्तानी भएकोमा अग्रिम आयकर कट्टा गर्नु पर्ने, मु.अ. करको विल संलग्न गर्नु पर्ने ।

वरिष्ठ अधिकृत

- गो.भौ.नं.१५४, जियो सफ्ट टेक्नोलोजी प्रा.लि. काठमाण्डौं लाई एकिकृत सम्पत्तिकर संचालन तालिमको भुक्तानी रु १४६९००।- भएकोमा कति जना कर्मचारीले कति दिन तालिम लिएको भन्ने पुस्ट्याई नभएकोले पुस्ट्याई गर्नु पर्ने ।
- गो.भौं नं. ३५३, कार्यालयको टोयोटा गाडी मर्मत गर्न रु २५०००।- र यस अघि पनि पटक पटक मर्मत भएकोमा Distance ,Fuel Meter मर्मत भएको पाईएन जसले गर्दा नियमानुसार लगवुक भर्ने गरेको पाईएन ।

<u>पूँजीजगत खर्च तर्फ :</u>

सार्वजनिक खरिद ऐन २०६३ तथा सोको नियमावली २०६४ को नियम २ को खण्ड (ढ) मा उल्लेख भए बमोजिमको परिस्थिती उल्लेख गरी मात्र अमानतमा काम गर्नु गराउनु पर्ने प्रावधान भएकोमा सो व्यहोरा उल्लेख नगरी देहायका कार्यहरु अमानतबाट भएको देखिन्छ ।

गो.भौ.न	काम, आयोजना	ल.ई.	भु.रकम	प्राविधिक
२३	वडा नं. १०, वेलवाडीमा कल्भर्ट निर्माण कार्य	१७५२४२।८०	१७०४५९।७८	मान प्रसाद श्रेष्ठ
३९	वडा नं. १२, जनकपथ देखि रुद्रपथ जोडने सडक समेत	५०००००।००	४९९३४५।४०	मधु गौतम
७६	वडा नं.३, दरखसवामा कलभर्ट निर्माण कार्य	२२७२३३।६६	२२५७४५।२०	,,
९७	नेपाल मगर संघको भवन	१७००००।-	१६७०८०।५६	,,
१००	अशोकपथ-वागेश्वरीपथ सडक कालोपत्रे	३९८७४८।०६	४३७१०९।७१	मान प्रसाद श्रेष्ठ
१०२	जनततापथ पश्चिम सडक ग्रेभल गर्ने काम	१९९४१३।	१९८७४९।६०	मधु गौतम
१३७	अशोकपथ सडकपीच कार्य	२९८२०९।६०	२६६५६७०७	मान प्रसाद श्रेष्ठ
१३८	वि.पि.पथ पश्चिम नाला तथा सडक निर्माण कार्य	२५००००	१४६९६६।१२	मधु गौतम
१४०	वडा नं.११ पिपरैयामा सडकपीच कार्य	९९९७३४।५१	९९६७४९।२३	मधु गौतम
१४१	कारागार दक्षिण सडकपीच कार्य	५३९१७६।८४	१९५९२१।०४	,,
१४४	सि.न.पा.३ खजुरीया नाला तथा सडक पीच	५०००००।-	४९८३५२।-	,,
२३९	वडा नं.९ कलोनीपथ पूर्व सडक पीच कार्य	७९८६९१।२५	६१७६३९।६४	,,

- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ को भावना अनुसार विकाश निर्माणका कार्यहरु संचालन गर्दा आयोजना बाट प्रतक्ष लाभान्वित हुने स्थानीय उपभोक्ताहरुलाई सहभागी गराएमा दिगो र प्रभावकारी हुन्छ ।
- गो.भौ.नं. ११२ खुला दिशा मुक्त जनचेतना गोष्ठीमा प्रशिक्षक तथा सहजकर्ता भत्ता वापत रु ६१००।- लागत अनुमान स्वीकृत भएकोमा रु १६४९०।- भत्ता वितरण भएको देखिन्छ । तालिम सामाग्रीहरुको दर रेट तथा संख्या सामान्य भन्दा वढी देखिन्छ । स्थानीय वजारमा उपलब्धहुने सामान खरिदको लागि पेश्कीलाई निरुत्साहित गर्नु पर्ने ।
- स्थानीय निकाय आ.प्र.नियमावली २०६४, को नियम २९ बमोजिम ल.ई.को दश प्रतिशत सम्म बढी काम गर्नु परेमा पर्याप्त प्राविधिक पुस्टयाई सहित सम्वन्धित पदाधिकारीको सिफारिसमा सचिवले भेरिएशन अर्डर स्वीकृत गर्ने प्रावधान भएकोमा त्यस्तो अग्रीम स्वीकृती लिने गरेको पाईएन । जस्तैः

वरिष्ठ अधिकृत

- गो.भौ.नं. १३५, म्युचुयल कन्स्ट्रक्शन मधवलियाले डाँडा गाउँ सडक कालोपत्रे तथा नाला निर्माण गर्नको लागि ल.ई.रु.१९,९९,९१२।०७ प्रस्ताव स्वीकृत रु १९,७१,१७९।१४ भएकोमा रु २१,६५,५२९।७४ भुक्तानी भएको देखिन्छ । यसमा ९.८५% बढी काम भएको छ तर अग्रीम भरिएसन अर्डर लिईएको छैन ।
- गो.भौ.नं.२७६, सफिक निर्माण सेवाले सिसवा भुजौली सडक पीचको प्रस्ताव स्वीकृत रु.३००१७१७३२ भएकोमा रु ३२६०६०१।४४ भुक्तानी भएको देखिन्छ । यसमा ८.६२ % काम बढी भएको देखिन्छ तर अग्रीम भेरिएशन आदेश स्वीकृत गरिएको छैन ।
- गो.भौ.नं.२७७, ट्रष्टी निर्माण सेवाको विभिन्न वडामा सडक पीच बापत भुक्तानी भएकोमा ९.६०% बढी काम भएको तर पुस्टयाई सहित अग्रीम भेरिएशन आदेश स्वीकृत भएको छैन ।
- मिस्कट छरी सप्लाई गर्दा नगरका विभिन्न वडा उल्लेख गर्ने गरेको देखिन्छ । कुन सडकमा कती परिमाणको काम भएको हो स्पष्ट उल्लेख गरिनु पर्ने ।
- विकाश निर्माणका आयोजनाहरु सम्पन्न पश्चात मर्मत तथा रेखदेखको जिम्मेवारी सहित स्थानीय उपभोक्ताहरुलाई हस्तान्तरण गरेमा दिगोपना तथा प्रभावकारीतामा वृद्धी हुन्छ । हाल आयोजनाहरु उपभोक्तलाई हस्तान्तरण गर्ने गरिएको छैन, यस तर्फ पहल गर्नु पर्ने देखिन्छ ।

धरौटी तर्फः

बैंक स्टेटमेन्ट अनुसार धरौटी बाँकी	रु ५१,५९,२१८।३६
बैंक नगदी किताव अनुसार धरौटी बाँकी	रु ४४,३१,२४६।३६
फरक	रु. ७,२७,९७२।–

बैंक नगदी किताव भन्दा बढी भएको रकम रु ७,२७,९७२।– के बापतको धरौटी हो यकीन गरी आम्दानी बाध्नु पर्ने ।

धरौटीको व्यक्तिगत खातामा धरौटी बाँकी	रु.४८,७५,२४६।३६
धरौटीको बैंक नगदी कितावमा धरौटी बाँकी	रु.४४,३१,२४६।३६
फरक	रु. ४,४४,०००।–

धरौटीको व्यक्तिगत खाता र बैंक नगदी किताव अनुसार फरक रु. ४,४४,०००।–गत विगतमा विभिन्न संघ संस्थालाई सापटी गएको देखिन्छ । सो सापटी रकम सोध भर्ना प्राप्त गर्नको लागि पहल गर्नु पर्ने देखिन्छ ।

जिन्सी तर्फः

- रसिद नियन्त्रण खाता अद्यावधिक नभएकोले रसिदको आम्दानी र खर्च अद्यावधिक गराई राख्नु पर्ने ।

वरिष्ठ अधिकृत

- सवारी साधन मर्मत गर्न खरिद गरिएका पार्ट पुर्जाहरुको जिन्शी खातामा एकमुष्ट रकम उल्लेख गरिएकोले आईटम अनुसार दर रेट राख्नु पर्ने ।
- कार्यालयका अधिकाशं सवारी साधनहरु लगवुक नभरिएको र भरिएको लगवुकमा पनि मिटर विग्रेको भन्ने उल्लेख भएकोले स्थानीय स्वायत्त शासन नियमावलीको अनुसूची (४५) अनुसार भरी अद्यावधिक गराई राख्न अघिल्लो आ.व.को अन्तिम लेखापरीक्षण प्रतिवेदनको सुझाव कार्यान्वयन भएको पाईएन ।
- कार्यालयको जीप पटक पटक मर्मत भएता पनि डिस्टेन्स र फियल मिटर मर्मत गरेको पाईएन । फियल मिटर मर्मत गरी लगवुक अद्यावधिक गर्नु पर्ने ।
- जिन्शी निरीक्षण प्रतिवेदनमा काम नलाग्ने भनेर उल्लेख भएका सामानहरुलाई लिलाम गर्नु पर्ने ।

सामाजिक मेलमिलाप तर्फ आ.व.२०६९।०७० मा देहाय बमोजिम प्रगती भएको देखिन्छ ।

दर्ता भएका विवादहरुको संख्या : ६३

छलफल भएका विवादको ,, : ५१

सहमती भएका विवादको ,, : ४०

असहमती भएका विवादको ,, : ११

छलफल नभएका विवादको ,, : १२

कुल दर्ता भएका विवादमा ६३ % विवादहरु आपसी छलफल बाट समाधान भएको देखिन्छ ।

कार्यालयका कर्मचारीहरुको विदाको रेकर्ड अद्यावधिक छ । कर्मचारीहरु आएको र गएको समय स्पष्ट हुने गरी दुई पटक हाँजिर गर्नु पर्नेमा अधिकाशँ कर्मचारीहरुले एक पटक मात्र हाँजिर गर्ने गरेको पाईयो । आएको–गएको समय उल्लेख गरी हाँजिर गर्ने व्यवस्था मिलाउनु पर्ने ।

सिद्धार्थ ज्ञान मन्दीरमा आ.व. २०६९।०७० मा जम्मा २६ जना नियमित सदस्यहरु रहेको पाईयो । सदस्यता शुल्क रु १००।- र मासिक शुल्क रु ५।– न्युन शुल्कको वावजुद पनि सदस्य संख्या अत्यन्त कम भएको पाईयो । आर्थीक अवस्था कमजोर भई महङ्गा पाठ्यपुस्तक खरिद गर्न नसक्ने विद्यार्थीहरुको आवश्यकता अनुसारका पुस्तकहरुको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

विवेक खनाल

वरिष्ठ अधिकृत

सिद्धार्थनगर नगरपालिका कार्यालय

सिद्धार्थनगर, रुपन्देही

प.सं.आ. प्र. २०७०।०७१

च.न.

मिति:२०७१।०४।१६

विषयः आन्तरिक लेखापरीक्षणको प्रतिवेदन सम्वन्धमा ।

श्रीमान कार्यकारी अधिकृत ज्यु

सि.न.पा कार्यालय, सिद्धार्थनगर ।

उपरोक्त विषयमा यस कार्यालयको आर्थिक वर्ष २०६९।०७० को आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरी प्रतिवेदन यसै पत्रसाथ संलग्न गरी पेश गरेको व्यहोरा अनुरोध छ ।

विवेक खनाल

वरिष्ठ अधिकृत

सि.न.पा.कार्यालय

F:\NEW OFF.LETTER 2068.69\Nepali letter-2068.69.doc

फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५

e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np